नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

*Ref.*

# प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रि महिला दिवसको अवसरमा ८ मार्च २०२२ तदनुसार २०७८ फागुन २४ गते नेपाली राजदूतावास, अबुधाबीको आयोजनामा संयुक्त अरब इमिरेट्स (युएइ) मा बसोबास गर्ने महिलाहरूसँग अभौतिक (Virtual) रूपमा अन्तर्क्रिया कार्यक्रम गरियो। सो अवसरमा महामहिम राजदूतलगायत सम्पूर्ण कर्मचारीहरू र युएइमा आई विभिन्न पेशा-व्यवसाय गर्ने महिलाहरूबीच छलफल तथा अन्तर्क्रिया गरिएको थियो।

उक्त कार्यक्रममा महामहिम राजदूत श्री कृष्णप्रसाद ढकालले युएइमा रहेका महिलाहरूको समस्या समाधान गर्न नेपाली राजदूतावासले विगतदेखि नै सक्रिय रूपमा काम गरेको उल्लेख गर्दै आगामी दिनमा समेत सबै पक्षसँग हातेमालो गर्दै युएइमा कार्यरत नेपालीहरूका लागि सुरक्षित र मर्यादित रोजगारीको वातावरण सिर्जना गर्न प्रयासरत रहने बताउनुभयो। उहाँले नेपालबाट वैदेशिक रोजगारका लागि बाहिरिने महिलाहरूमध्ये धेरैजसो युएइ आउने गरेको, युएइ महिला कामदारको लागि सुरक्षितसमेत रहेको बताउनुभयो। नेपाल र युएइबीच सन् २०१९ मा सम्पन्न श्रम सम्झौतामा समेत महिला हकहितको व्यवस्था रहेको उल्लेख गर्दै ती व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै लैजान नेपाली राजदूतावास प्रतिबद्ध रहेको बताउनुभयो।

त्यसै गरी, नियोग उपप्रमुख मिनिस्टर काउन्सेलर श्री विशाल भट्टराईले महिला हकअधिकारसँग सम्बन्धित विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन पक्षलाई मध्यनजर गरी महिलाको सशक्तीकरण, पहुँच र स्वामित्वतर्फ जोड दिनु अहिलेको आवश्यकता रहेको उल्लेख गर्दै महिलाको क्षमता विकास र सचेतनातर्फ नेपाली राजदूतावास सदैव प्रतिबद्ध रहेको बताउनुभयो।

श्रम काउन्सेलर श्री निर्मला थापाले युएइमा कार्यरत महिलाहरूसँग राजदूतावास नियमित सम्पर्कमा रहेको एवम् श्रमिक र महिला हकहितको लागि राजदूतावास प्रतिबद्ध रहेको समेत बताउनुभयो।

सो कार्यक्रममा युएइमा कार्यरत नेपाली महिलाहरूको प्रतिनिधित्व रहेको थियो। उहाँहरूले नेपालबाट युएइमा रोजगारीका लागि आउने नेपाली महिलाहरूले भोग्दै आएका समस्या र सोको समाधानका लागि चाल्नुपर्ने कदमहरूका बारेमा धारणा राख्नुभएको थियो।

नेपाली राजदूतावास, अबुधावी
२०७८।११।२५